सम्पर्क न.
प्रमुख प्रसासकीय अधिकृत ०९१-५६०११८
दमकल ०९१-५६०४९९

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :२०८२/०८३ (सहकारी प्रवर्द्धन उपशाखा) मिति: २०८२/१०/०६
चलानी नं. 2003 नेपाल सम्वत् :११४६

श्री सहकारी संस्था लिमिटेड,
(टीकापुर नगरपालिकाको नियमन क्षेत्रभित्र पर्ने, सम्पूर्ण)
टीकापुर नगरपालिका, कैलाली ।

**विषय : कोपोमिस (COPOMIS) प्रणालीमा आबद्ध हुने सम्बन्धमा ।**

प्रस्तुत विषयमा सहकारी ऐन,२०७४ (संशोधन सहित, २०८०) को दफा ७३ मा विवरण उपलब्ध गराउनु पर्ने व्यवस्था बमोजिम उक्त दफाको उपदफा (१) मा उल्लेख भए बमोजिमका विवरणहरु तोकिएको समयावधि भित्र रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नुपर्ने प्रावधान रहेको छ साथै सोहि दफाको उपदफा (१क) बमोजिम सहकारी संस्थाले उपदफा (१) बमोजिम पेश गर्नुपर्ने प्रतिवेदन विभागमा रहेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्ने व्यवस्था समेत गरिएको छ ।

तत् सम्बन्धमा सहकारी संस्थाहरुलाई विभागमा रहेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा **(COPOMIS)** आबद्ध हुने विषय सँग सम्बन्धित भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय (सहकारी व्यवसाय प्रबर्द्धन तथा संघ संस्था समन्वय शाखा)को प.स. २०८२/०८३, च.नं. ३९०, मिति २०८२/०९/२८ गतेको पत्र र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (स्थानीय तह समन्वय शाखा) प.सं.२०८२/०८३, च.नं.२३४, मिति : २०८२/१०/०२ गतेको पत्र यसै साथ सँलग्न राखी आवश्यक कार्यान्वयनका लागि पठाईएको व्यहोरा अनुरोध छ ।

साथै हाल सम्म **(COPOMIS)** सम्बन्धी तालिम प्राप्त नगरेका सहकारी संस्था (व्यवस्थापक)हरुको हकमा ७ दिन भित्र नगरपालिकामा सहकारी संस्थाको आधिकारीक पत्र सहित जानकारी/सम्पर्क गर्न हुन समेत यसै पत्र मार्फत जानकारी गराईन्छ ।

धिताल
६।१०।२०८२
..................
सुमन धिताल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं. 238

मितिः २०८२/१०/०२

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
दर्ता नं. 3550
मिति: 082/10/06

श्री गाउँपालिका (सबै)

श्री नगरपालिका (सबै)

विषयः निर्णय कार्यान्वयनको लागि आवश्यक समन्वय तथा सहजिकरण सम्वन्धमा ।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं. १.६/स.व्य.प्र./२०८२/०८३, च.नं. ३९० मिति २०८२/०९/२८ को पत्रानुसार माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रा.डा. श्री कुमार ईङनामको अध्यक्षतामा वसेको बैठकवाट स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको सेवा प्रवाह सुधार सम्वन्धी कार्ययोजना को क्र.सं. २ मा उल्लेखित सहकारी सम्वन्धी पत्रको छायाँ प्रति यसैसाथ संलग्न राखी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

बोधार्थः

श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय ,
सहकारी व्यवसाय प्रवर्द्धन तथा संघ संस्था समन्वय शाखा ।

श्री सूचना प्रविधि शाखा, सबै जि.स.स./ गाउँ/नगरपालिकाको ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेवसाईटमा समेत अपलोड गरिदिनु हुन ।

श्री आर्थिक विकास शाखा
निर्णय कार्यान्वयन गर्नु ।
8/10/2082

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(सहकारी व्यवसाय प्रवर्द्धन तथा संघ संस्था समन्वय शाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३१
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

दर्ता नं.:- २४९४ ९/३०

पत्र संख्या:- १.६/स.व्य.प्र./२०८२/०८३ मिति:- २०८२/०९/२८

च.नं. ३९०

नेपाल संवत् ११४६

विषय:- समन्वय सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

प्रस्तुत विषयमा यस मन्त्रालय र मातहतका निकायबाट हुने सेवा प्रवाह सुधारका लागि मिति २०८२/९/१८ मा माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रा.डा. श्री कुमार इङ्नामज्यूको अध्यक्षतामा बसेको बैठकबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको **"सेवा प्रवाह सुधारसम्बन्धी कार्ययोजना"** को क्र.सं. २ मा उल्लेखित सहकारी सम्वन्धी निम्न विषयहरु स्थानीय तहसँग समेत सम्वन्धित रहेकोले उक्त विषय कार्यान्वयनका लागि सबै स्थानीय तहहरुमा समन्वय र परिपत्र गरिदिनु हुन मन्त्रालयको मिति २०८२/०९/२८ को निर्णयानुसार अनुरोध छ।

तपसिल:

१. वचत तथा ऋण सहकारी लगायत सवै प्रकारका सहकारी संस्थाहरुको सहकारी ऐन र नियमावली वमोजिम विवरण अद्यावधिक गर्ने:- सञ्चालनमा रहेका सवै प्रकृतिका सहकारी संस्थाहरुको समष्टिगत विवरण कोपोमिस प्रणालीमा पूर्ण रुपमा अद्यावधिक गर्ने।
२. वचत तथा ऋण सहकारीमा नेपाल राष्ट्र बैंक र राष्ट्रिय सहकारी नियमन प्राधिकरणले तोकेको मापदण्ड पालना एवम् कार्यान्वयन अनुगमन गर्ने:- आवश्यकता अनुसार नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, सहकारी विभाग वा प्रदेश सहकारी रजिष्ट्रार/दर्ता अधिकारीको कार्यालयसँग समन्वय गरी वचत तथा ऋण सहकारी संस्थाहरुको स्थलगत तथा गैरस्थलगत अनुगमन गर्ने।

.........................
(प्रेमराज लुइँटेल)
शाखा अधिकृत

बोधार्थ:-
श्री सहकारी विभाग,
नयाँ बानेश्वर, काठमाडौं।